थलारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
खप्तड, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च.नं. 284

मिति: २०८१/०७/०८
ने.सं.११४४ कौलागा, ८

विषय: **उपभोक्ता समिति गठन तथा सम्झौता सम्बन्धमा।**

श्री वडा कार्यालयहरु (१-९)
थलारा गाउँपालिका, बझाङ

उपर्युक्त सम्बन्धमा यस थलारा गाउँपालिकाको आर्थिक बर्ष २०८१/८२ को बार्षिक कार्यक्रम अनुसार थलारा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १०७ बमोजिम उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नुपर्ने आयोजनाहरुका हकमा **थलारा गाउँपालिकाको उपभोक्ता समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५** बमोजिमका प्रावधान पुरा गरी अधिकतम उपभोक्ता वा लाभग्राहीहरुलाई उपस्थित गराई उपभोक्ता समिति गठन गरी देहायका कागजात सहित सम्झौताका लागि सिफारिस गर्नुहुन गाउँ कार्यपालिकाको मिति २०८१।६।१५ गतेको निर्णयानुसार अनुरोध छ।

१. आयोजना स्थलमा उपभोक्ता समिति गठनको निर्णयको फोटोकपी
२. सम्झौताका लागि प्रतिनिधी तोकिएको सम्बन्धमा उपभोक्ता समितिको निर्णय
३. उपभोक्ता समिति गठन गर्ने भेलाको फोटोहरु,काम सुरु गर्नुपूर्वका फोटोहरु
४. ~~उपभोक्ता समितिका पदाधिकारीहरुको ना.प्र.प.का फोटोकपीहरु~~
५. वडा कार्यालयको सिफारिस
६. उपभोक्ता समिति गठन प्रतिवेदन

०८/७/०८

(प्रयागराज पाध्या)
**प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ:

श्री प्राविधिक शाखा, थलारा गाउँ कार्यपालिकाको कार्यालय: **वडा कार्यालयसँग समन्वय गरीलागत अनुमान तयार गर्नुहुन।**



Scanned with ACE Scanner